दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १५३ | बुटवल | २०८२ जेठ १६, गते शुक्रबार | नेपाल संवत ११४५ | Friday May.30, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# के छ १९ खर्ब ६४ अर्बको बजेटभित्र ?

**बजेटमा सिद्धार्थ राजमार्गलाई पोखरासम्म डेडिकेटेड दुई लेनमा स्तरोन्नति, रूपन्देहीको सेमलारमा आधुनिक कृषि थोक बजारका लागि पूर्वाधार निर्माण, मोतीपुर औद्योगिक क्षेत्र, तिलोत्तमामा मेडिकल कलेज, भैरहवाको एकीकृत जाँच केन्द्र,पाल्पामा पेट्रोलियम पदार्थ अन्वेषण,वृहत्तर लुम्बिनी गुरुयोजना निर्माण,गौतमबुद्ध विमानस्थलमा कार्गो सुविधा,पाणिनीमा ज्ञान उद्यान निर्माण,कोहलपुरमा डाटा सेन्टर, कालीगण्डकी तिनाउ डाइभर्सन,नौमुरे जलविद्युत् आयोजना र गरिने विषय समावेश भएका छन्। यस्तै 'राज्य सुविधा परिचयपत्र' घोषणा, युवालाई बिना धितो रु दुई लाखदेखि रु २० लाखसम्म सहुलियत कर्जा,स्नातक उत्तीर्णलाई स्वमयंमसेवक शिक्षक, विद्यालय मर्ज र शिक्षक बैंक स्थापना, बैंकहरुको खराब कर्जा व्यवस्थापन गर्न छुट्टै कम्पनी स्थापना, फलफूल, मासु तथा खाद्यान्नको विषादी परीक्षण अनिवार्य,पाँच लाखसम्मको सहकारी बचत सुरक्षण, नेपाल टेलिकमको ३० प्रतिशत शेयर पब्लिकलाई, दूरसञ्चार प्राधिकरणको पुनर्संरचना,वायुसेवा निगमलाई सार्वजनिक कम्पनीमा रुपान्तरण, सूचना प्रविधि र होटलमा विद्युत् महसुल र आयकर छुट, अटिजम तथा बौद्धिक अपांगता भएकाको सातै प्रदेशमा उपचार र पुनःस्थापना सेवा, सवारी लाइसेन्स सातै प्रदेशबाट वितरण, विद्युतीय गाडीको कर यथावत, मदिरा, सुर्ती, बियर र चुरोटमा कर वृद्धि, सिद्धार्थ राजमार्ग २ लेनको डेडिकेटेड, वृद्धभत्ता उमेर७० वर्ष, खेलकुदमा अहिलेसम्मकै बढी बजेट, संस्थानको खर्चमा विदेश भ्रमण जान रोक लगाइने विषय उल्लेख छन्।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

सरकारले आगामी आर्थिक वर्षको लागि १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको छ। उपप्रधान एवं गृहमन्त्री विष्णु पौडेलले बिहीबार संघीय संसदको संयुक्त बैठकमा बजेट पेश गरेका हुन्। जसमा चालू तर्फ ११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.१ प्रतिशत, पुँजीगततर्फ ४ खर्ब ७ अर्ब ८९ करोड अर्थात २०.८ प्रतिशत तथा वित्तियतर्फ ३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत बजेट विनियाजन भएको छ। चालु आर्थिक वर्षका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोडको बजेट विनियोजन गरेको थियो।

आगामी वर्षको बजेटको स्रोतका रूपमा राजस्वबाट १३ खर्ब १५ अर्ब, वैदेशिक अनुदानबाट ५३ अर्ब ४५ करोड बेहोरिने भएको छ।

यस्तै, वैदेशिक ऋणबाट २ खर्ब ३३ अर्ब जुटाइने भएको छ। आन्तरिक ऋणबाट ३ खर्ब ६२ अर्ब बेहोरिने भएको छ।

मन्त्रालयगतमा सबैभन्दा बढी शिक्षामा २ खर्ब ११ अर्ब १७ करोड,भौतिक तथा यातायातमा १ खर्ब ५२ अर्ब, शहरी विकासमा १ खर्ब १८ अर्ब ३४ करोड, स्वास्थ्य तथा जनसंख्यामा ९५ अर्ब ८१ करोड,ऊर्जा तथा जलस्रोतमा ८६ अर्ब १ करोड, कृषि तथा पशुपन्छीमा ५७ अर्ब ४८ करोड,खानेपानीमा ३३ अर्ब ८९ करोड, वन तथा वातावरण १८ अर्ब ६१ करोड विनियोजन भएको छ।

यस्तै संस्कृति तथा पर्यटनमा १३ अर्ब २८ करोड,उद्योग तथा वाणिज्यमा १० अर्ब १४ करोड, सञ्चारमा ७ अर्ब ७२ करोड, भूमि व्यवस्थामा७ अर्ब ४९ करोड, युवा तथा खेलकुदमा ६ अर्ब ८ करोड, श्रममा ४ अर्ब २८ करोड, महिला बालबालिकामा २ अर्ब ८ करोड बजेट विनियोजन भएको छ।

सरकारले आर्थिक वर्ष ०८२/०८३ मा ६ प्रशितको आर्थिक वृद्धि हासिल हुने लक्ष्य बजेटमा राखेको छावजेटमा सरकारले सरकारी कर्मचारीको तलब वृद्धि नगरे पनि महँगी भत्ता ५ हजार बढाएको छ। यसअघि तीन वर्षअघि तलब बढेकोमा यस वर्ष कर्मचारीको तलब बढ्ने अपेक्षा थियो। ५ हजार महँगी भत्ता पुर्‍याउँदा थप १० अर्ब ८४ करोड रुपैयाँ भार परेको छ।

हाल सरकारले २ हजार महँगी भत्ता दिँदै आएको थियो। सरकारले मदिरा, सुर्ती, बियर र चुरोटमा कर बढाएको छ। विद्युतीय गाडीको करलाई भने यथावत् राखेको छ।

व्यवसायीले कर बढ्ने आकलनमा पहिला नै ठूलो मात्रामा विद्युतीय गाडी भित्राए पनि बजेट वक्तव्यमार्फत् अर्थमन्त्री विष्णु पौडेलले कर यथावत् राखेको बताए।

बजेटमा सहकारी संस्थाको बचत अपचलन गर्नेको सम्पत्ति लिलाम गरी प्राप्त रकम बचतकर्तालाई फिर्ता गर्न चक्रीय कोष स्थापना गर्ने गरिने उल्लेख छ।

सहकारी संस्थाहरूको पुनःगठन, कडा नियमन र बचतकर्ताको सुरक्षा बढाउने योजना वजेटमा सार्वजनिक गरिएको हो।

समस्याग्रस्त सहकारी संस्थाहरूको वर्गीकरण, एकीकरण र संरचनात्मक सुधार गरिनेछ। पाँच लाखसम्मको सहकारी बचतमा निक्षेप सुरक्षण गरिनेछ जसले गर्दा साना बचतकर्ताहरूको पुँजी सुरक्षित हुने जनाइएको छ। राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋण सहकारी संस्थाहरूको प्रभावकारी निगरानी गर्नेगरी योजना अघि बढाइएको छ। सहकारी ऋण असुलीका लागि विशेष न्यायाधीकरण स्थापना गरिनेछ। सरकारले समस्याग्रस्त सहकारीका सञ्चालक, पदाधिकारी र कर्जा अपचलनकर्ताहरूको सम्पत्ति र राहदानी रोक्का गर्ने नीतिसमेत बजेट वक्तव्यमा उल्लेख छ।

सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ देखि सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्रदेशबाटै वितरण गर्ने व्यवस्था लागू गर्ने घोषणा गरेको छ।

वजेटमा रुपन्देहीको सेमलारमा आधुनिक कृषि थोक बजारका लागि पुर्वाधार निर्माण, मोतीपुर औद्योगिक क्षेत्र, तिलोत्तमामा मेडिकल कलेज निर्माण,भैरहवाको एकीकृत जाँच केन्द्र निर्माण,पाल्पामा पेट्रोलियम पदार्थ अन्वेषण,वृहत्तर लुम्बिनी गुरुयोजना निर्माण, गौतमबुद्ध विमानस्थलमा कार्गो सुविधा, पाणिनीमा ज्ञान उद्यान निर्माण, कोहलपुरमा डाटा सेन्टर, कालिगण्डकी तिनाउ डाइभर्सन, नौमुरे जलविद्युत् आयोजना र सिद्धार्थ राजमार्गलाई डेडिकेटेड दुई लेनमा स्तरोन्नति गरिने विषय समावेश भएका छन्। लाइसेन्स व्यवस्थापनको अधिकार प्रदेश सरकारलाई दिइने वजेटमा उल्लेख छ।

बजेटमा सूचना प्रविधि र होटलमा विद्युत् महसुल र आयकर छुट दिने सरकारले नीति लिएको छ।

सूचना प्रविधि सेवा निर्यात गर्दा प्राप्त हुने आयमा ७५ प्रतिशत छुट दिने घोषणा भएको छ। यो विशेष उद्योग सरह छुट हो।

नेपालमा बसी विदेशमा सूचना प्रविधि सेवा बेच्ने व्यक्तिलाई जम्मा



५ प्रतिशत मात्रै कर लाग्ने छ।

बजेटमा सरकारले स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीलाई स्वमयंमसेवक शिक्षकका रुपमा परिचालन गर्ने भएको छ।

बजेटमा सरकारले विद्यालय, विद्यार्थीको संख्या, भौगोलिक दुरी र यातायातको सुविधा हेरेर विद्यालय गाभ्ने भएको छ।

गाभिएका विद्यालयहरुलाई प्रत्सान अनुदान दिने भएको छ।

शिक्षक दरबन्दीको पुनरावोकल गरिने भएको छ। शिक्षक अभाव हुन नदिन तालिम दिने, विज्ञान, अंग्रेजी र गाणितको शिक्षक अभाव हुन नदिन विश्वविद्यालयसँग शिक्षक बैंक स्थापना गरिने भएको छ।

बजेटमा फलफूल, मासु तथा खाद्यान्न बिक्रीपूर्व अनिवार्य विषादी परीक्षण गरिने उल्लेख छ। थोकबजार केन्द्रमा द्रूत विषादी परीक्षण विधिबाट ताजा तरकारी र फलफूलमा विषादी परीक्षणका लागि आवश्यक जनशक्ति र प्रविधिका लागि आवश्यक बजेट व्यवस्था गरिएको मन्त्री पौडेलले बताए। सरकारले नेपाल टेलिकमको ३० प्रतिशत सेयर सर्वसाधारणलाई दिने बजेट वक्तव्यमा उल्लेख भएको छ।

हाल नेपाल टेलिकममा ९१.५३ प्रतिशत सेयर सरकारको छ। बाँकी ८.४७ प्रतिशत मात्रै सर्वसाधारण समूहको छ।

सरकारले गत आवको तुलनामा यस वर्ष ४ हजार ६ सय आयोजना कटौती गरेको छ। सरकारले यस वर्ष ३ करोड भन्दा साना आयोजना संघीय बजेटमा नराख्ने घोषणा गरेको छ। सोहीअनुसार आयोजनाका संख्या घटेको हो।

बजेटमा सरकारले बुटवल-पोखरा सडकलाई डेडिकेटेड २ लेनमा विस्तार गर्ने उल्लेख छ।

» *बाँकी ३ पेजमा*

## जनता राजतन्त्रको पक्षमा रहेको पुष्टि : लिङ्देन



बुटवल। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष राजेन्द्र लिङ्देनले बिहीबार काठमाडौंमा एमाले र राप्रपाले गरेको प्रदर्शनलाई जनमत संग्रह सम्पन्न भएको बताएका छन्। राजतन्त्र र हिन्दूराज्य पुनर्स्थापनाको मागसहित सुरु भएको आन्दोलनको पहिलो दिन नै एउटा जनमत संग्रह भएको उनले बताएका हुन्।

अध्यक्ष लिङ्देनले गणतन्त्रको पक्षमा नेकपा एमालेले भृकुटीमण्डपमा निकालेको प्रदर्शनसँग आफ्नो प्रदर्शनलाई तुलना गर्दै जनमत संग्रहको उदाहरण दिएका हुन्।

'राप्रपालगायतका शक्तिहरू एक ठाउँ उभिएर गणतन्त्रको विरुद्धमा प्रदर्शन गर्ने भनेर घोषणा गरेपछि प्रधानमन्त्री केपी शर्मा ओली पनि गणतन्त्र पक्षधरहरू पनि सडकमा आऊ भन्नुभयो,' लिङ्देनले एमाले जनप्रदर्शनप्रति कटाक्ष गर्दै भने-'देशभरबाट जसरी कार्यकर्तालाई आह्वान गर्यौं हामीले, उहाँहरूले पनि आह्वान गर्नुभयो। राज्य शक्ति प्रयोग गरेर ल्याएको गणतन्त्र पक्षधरको प्रदर्शन देखिहालियो नि हैन त ?'

लिङ्देनले आन्दोलनको पहिलो दिनकै उपस्थितिले जनता राजतन्त्रको पक्षमा रहेको पुष्टि भएको बताए। 'आज एउटा जनमत संग्रह सम्पन्न भएको छ। जनता राजतन्त्रको पक्षमा छन्, यो प्रमाणित भएको छ।'- उनले भने। उनका अनुसार एमालेको सभामा भन्दा राप्रपाको सभामा ठूलो अन्तरमा धेरै जनता उत्रिएका थिए।

गणतन्त्र नढालेसम्म आन्दोलन नरोकिने बताएका लिङ्देनले बिहीबारको प्रदर्शनलाई कास्टिङको संज्ञा दिए। देशका अन्य भूभागबाट आएकाहरू लामै समय बस्नेगरी आएको जानकारी दिँदै लिङ्देनले राजधानीवासीसँग पनि सहयोग मागे।

## अहिलेको गणतन्त्रप्रति धेरैको असन्तुष्टी छ : विप्लव




बुटवल। नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लवले अहिलेको गणतन्त्रप्रति कोही सन्तुष्ट नभएको बताएका छन्।

जनपत्रकार संगठन र जनगर्जन मिडिया प्रालिले बिहीबार बुटवलमा गरेको अन्तरक्रियामा उनले गणतन्त्रप्रति आम नागरिकदेखि विभिन्न पेशा, व्यवसायमा आवद्ध अधिकांश नागरिक असन्तुष्ट रहेको बताए।

गणतन्त्र स्थापना भए पनि सामन्तवादको समूल अन्त्य नभएको र पुरानो व्यवस्थाका चरित्रका अवशेष दल र नेताहरुमा बाँकी नै रहेकाले हरेक पेशा व्यवसायमा असन्तुष्टी रहेको विप्लवको भनाइ छ।

पोखरा विमानस्थलको उदाहरण दिँदै विप्लवले अर्बौं भ्रष्टाचारका थुप्रै काण्डहरुमा तीन ठूला दलका शीर्ष नेताहरु चोचोमोचो मिलाएर मौन बस्दा, उद्यम, व्यवसाय विना नेताहरुको विलासी जीवनशैली, तर जनताको अवस्था जहाँको त्यहीं हुँदा नागरिकस्तरमा वास्तविक गणतन्त्र नआएको तर्क गरे। 'अहिलेको गणतन्त्रप्रति कुनै एउटा वर्ग र समुदाय मात्र होइन, विभिन्न पेशा, व्यवसायमा आबद्ध नागरिक, बुद्धिजीवि सन्तुष्ट छैनन्, यो देशभरिको आवाज हो,' विप्लवले भने-'गणतन्त्रप्रति अहिलेको व्यवस्थाप्रति सन्तुष्ट नभए पनि अबको समाधान वा विकल्प के हो भन्नेमा एकमत छैन।'

गणतन्त्रप्रति असन्तुष्टी बढ्दै जाँदा राजसंस्था पक्षधरहरु सडक आन्दोलनमा आउँदा आम सर्वसाधारण नागरिकमा अहिलेको गणतन्त्रको विकल्प त्यही हो कि भन्ने परेको विप्लवले औंल्याए। तर गणतन्त्रको विकल्प राजसंस्था हुन नसक्ने प्रष्ट पार्दै विप्लवले अहिलेको असन्तुष्टीको समाधान नेपाली विशेषताको समाजवाद हुने बताए। 'कसैले राजसंस्था पुनर्स्थापना भनेका छन्, कसैले यही गणतन्त्रमा संविधान संशोधन गरेर ठीक हुन्छ भनेका छन्, यी दुबैबाट जनताको असन्तुष्टी सम्बोधन हुँदैन, समाधान पनि दिँदैन,' विप्लवले भने-'अब नेपालमा कस्तो समाजवाद आवश्यक हो भन्नेमा खुल्ला वहस हुनुपर्छ।'

नेपालमा चिनियाँ र रूसी जस्तो समाजवाद नेपालमा मेल नखाने भन्दै कम्युनिस्ट सिद्धान्त, विचार र दर्शनमा पुनर्विचार जरुरी रहेको समेत विप्लवले औंल्याए। कृषिमा अझैं जमीनदारी प्रथा रहेको, प्रगतिशील कृषि प्रणाली नरहेको, शिक्षा, स्वास्थ्य महँगो रहेको भन्दै विप्लवले नेपाली मौलिकताको समाजवादबाट मात्रै विद्यमान समस्याको समाधान हुने तर्क गरे।

» *बाँकी ३ पेजमा*



## सम्पादकीय

# अर्थतन्त्र चलायमान बनाउने बजेट

आगामी आर्थिक वर्षका लागि सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड रुपैयाँको बजेट विनियोजन गरेको छ। यसअनुसार, चालु खर्च ११ खर्ब ८० अर्ब ५८ करोड, पुँजीगत खर्च ४ खर्ब ७ अर्ब ६९ करोड र वित्त व्यवस्थापनमा ३ खर्ब ७५ अर्ब २४ करोड रुपैयाँ विनियोजन गरिएको छ। बजेटका लागि स्रोतका रूपमा राजस्वबाट १३ खर्ब १५ अर्ब, आन्तरिक ऋणबाट ३ खर्ब ६२ अर्ब, बाह्य ऋणबाट २ खर्ब ३३ अर्ब र अनुदानबाट ५३ अर्ब रुपैयाँ जुटाइने अनुमान गरिएको छ।

बजेटमा टुक्रे योजना परेका छैनन्। ३ करोडभन्दा कम लागतका योजना कटौती हुँदा ४ हजार ६ सय योजना कटौती भएका छन्। संघीय सरकारको बजेटमा साना योजनाका लागि बजेट विनियोजन हुँदा बजेट कार्यान्वयनमा समस्या हुनुका साथै बजेट प्रतिफलमुखी हुन सकेको थिएन्। जेष्ठ नागरिक भत्ताको उमेर ७० वर्ष कायम गरिएको छ। यसले राज्यको वार्षिक १० अर्ब जोगिएको छ। साना योजनाका लागि बजेट विनियोजन गर्ने जिम्मा स्थानीय र प्रदेशलाई दिएर संघीयताको अभ्यास गर्न खोजिएको छ। यो बजेटको सकारात्मक पाटो हो। स्टार्ट अप व्यवसायमा २० लाखसम्म ३ प्रतिशत सहुलियत ब्याजमा कर्जा दिने, सूचना प्रविधि सेवा निर्यातमा ७५ प्रतिशत आयकर छुट, सेवा निर्यात गर्ने व्यक्तिको आयकरमा ५ प्रतिशत सीमा तोक्नु पनि सकारात्मक छ। विद्युतीय गाडीको भन्सार महशुल यथावत राखिएको छ। खेलकुदमा अहिलेसम्मकै धेरै बजेट विनियोजन गरिएको छ। खेलकुदको बजेट ६ अर्बभन्दा बढी छ। खेलकुद पूर्वाधार निर्माणको लागि प्राथमिकता दिइएको छ। खेलकुदका लागि प्राथमिकता नदिएको गुनासो भइरहेका बेला बजेट विनियोजन गरेर सरकारले खेलकुद क्षेत्रलाई उत्साहित बनाएको छ। सरकारले बर्दघाट–दुम्किबाससहित विभिन्न सुरूङमार्ग निर्माण र संभाव्यता अध्ययन अघि बढाउने अर्थमन्त्रीले घोषणा गरेका छन्।

कतिपय विषय बजेटमा आउने तर कार्यान्वयन नहुँदा समस्या छ। बृहत् लुम्बिनी गुरुयोजना बनाउने बारेमा पटक–पटक बजेटमा आएको छ, तर कार्यान्वयन भएको छैन।

सरकारले अनुमान गरेअनुसार राजस्व संकलन हुन नसकिरहेको बेला बजेटको प्रमुख स्रोत राजस्व संकलनमा संकुचन हुने र वैदेशिक अनुदान पर्याप्त आउन नसकिरहेको र बदलिदो भूराजनीतिको प्रभाव वैदेशिक सहयोगमा परेकाले अनुमान गरेअनुसार वैदेशिक अनुदान र सहयोग आउन असंभव हुनसक्छ। यो हिसाबले स्रोत सुनिश्चित हुन नसकेको बेला बजेट संशोधन गर्नुपर्ने जोखिम उत्तिकै छ। बजेट यस वर्षको सुरुको विनियोजनको तुलनामा ५.६ प्रतिशतले बढी र संशोधनको तुलनामा १८.२ प्रतिशतले बढी हो।

साना व्यवसायी र निजी क्षेत्रलाई उत्साह जगाउने बजेट आएको छ। निजी क्षेत्र उत्साहित हुँदा स्वभाविक रुपमा आर्थिक गतिविधि चलायमान हुन्छ। अब बजेट कार्यान्वयन महत्वपूर्ण पक्ष हो। पुँजीगत खर्च गर्ने क्षमता बढाउन सक्दा बजेटको उद्देश्य र लक्ष्य हासिल गर्न सकिन्छ।

# वर्तमान अवस्था कि व्यवस्थाको परिवर्तन



विन बहादुर कुँवर

> १० वर्षे माओवादी जनयुद्धको प्रतिबद्धता पनि यही थियो। तर पछि संविधानसभाको निर्वाचन साथसाथमा माओवादी नेतृत्वको सरकार बनिरहँदा माओवादी पार्टी नेतृत्व खासगरी प्रचण्ड-बाबुरामको आत्मसमर्पणले गर्दा अन्ततः यही यथास्थितिमा अर्थात् वर्तमान सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्तालाई नै आत्मसात गर्ने काम भयो।

वर्तमान 'देशको अवस्था कि व्यवस्था परिवर्तन' भन्ने विषय अहिले चर्चामा छ। यसलाई बढी चर्चामा पूर्व पञ्चे-मण्डले र राजावादीहरुले अगाडि सारेका छन्। खासगरी वर्तमान राज्य सत्ताका पक्षपाती कांग्रेस-एमाले र माओवादीविरुद्धको बढ्दो जनआक्रोश र विरोधलाई अघि सार्दै उनीहरुको यो भनाइ आइरहेको छ। यतिसम्मकि यिनीहरुले यसैका लागि पूर्व राजा ज्ञानेन्द्रलाई अघि सार्दै जनप्रदर्शन पनि गरिरहेका छन्। विगत चैत १५ को हत्या, हिंसा, लुटपाट र आगजनी यसैको उपज थियो। अब अहिले पनि यो जेठ १५ को विरोध प्रदर्शन त्यसैको लागि हुने भनिएको छ। अवस्था होइन व्यवस्थाकै परिवर्तन खासमा यो उनीहरुको भनाइ र उद्देश्य के हो ?

वर्तमान राज्य व्यवस्था भनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाअन्तर्गत जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली हो। आज देशमा यो व्यवस्था लागू भएको एक दशक पूरा भइसकेको छ। निश्चय नै नेपालका लागि यो व्यवस्था अर्थात् संघीय गणतन्त्र पहिलो र नयाँ नै हो। तै पनि हुने बिरुवाको चिल्लो पात भने जस्तै यसको नतिजा परिणाम आजसम्म त्यति राम्रो देखिएको छैन। खाली एक राजाका ठाउँमा अनेक भुरे टाकुरे दलीय राजा-रजौटा र उनीहरुकै रजाई चल्दै आएको छ। देशमा बढ्दो भ्रष्टाचार, अन्याय, अत्याचार, कमिशन र विचौलियाहरुको बिगबिगी छ। खाली फरक के छ भने हिजो राजाको नाममा केही मुठ्ठभीर पुराना पञ्चे-मण्डले र दरबारियाहरुको रजाई थियो भने अहिले केही दल अनि केन्द्र प्रदेश र स्थानीय सरकारका सयौं सांसद, प्रतिनिधि, सरकार प्रमुख र मन्त्रीहरुले रजाई गरिरहेका छन्। यस अर्थमा वर्तमान यो राज्य व्यवस्थाप्रति आम जनताको विरोध र असन्तुष्टि देखिनु स्वाभाविक नै छ। यसैलाई देखाएर भन्ने गरिएको व्यवस्थाको परिवर्तन जरुरी छ।

अब प्रश्न उठ्छ कस्तो व्यवस्थाको परिवर्तन ? अहिलेसम्म विश्वमा तीन प्रकारका राजनीतिक व्यवस्था अभ्यास भई आएको छ। एउटा सामन्ती निरंकुश र दरबारिया भने अर्को सामन्ती दलाल र नोकरशाही बुर्जुवा र यी दुवैको विकल्पमा जनगणतन्त्र र समाजवादी राज्य व्यवस्था। नेपालमा पनि पहिलो शासन व्यवस्था २४० वर्षदेखि अर्थात् शाही शासन व्यवस्था जनताले भोगी आएकै हुन्। त्यसको विकल्पमा २०४६ सालपछि संवैधानिक राजतन्त्र र बहुदलीय शासन व्यवस्था अनि २०६२/०६३ सालको जनआन्दोलनपछि माथि भने जस्तै संघीय गणतान्त्रिक व्यवस्था चालु छ। अब भनौं यी तीन व्यवस्थामध्ये कुन व्यवस्थाको माग वर्तमान आन्दोलनकारी पुराना पञ्चे-मण्डले र राजावादीहरुको हो ?

यी राजावादीहरुको अहिलेको मुख्य माग नै राजतन्त्रको पुनर्स्थापना र हिन्दू अधिराज्य नेपालको छ। यस अर्थमा उनीहरुले भन्ने गरेको व्यवस्था परिवर्तन अर्थात् वर्तमान संघीय र लोकतान्त्रिक गणतन्त्रका विकल्पमा त्यही पुरानो सामन्ती र निरंकुश जहाँनियाँ शाही शासन व्यवस्था नै हो। संवैधानिक राजतन्त्र भने पनि राजा संविधानदेखि माथि भएकाले कुनै पनि बेलामा निरंकुश बन्ने खतरा जहिले पनि हुन्छ। उदाहरण २०१७ सालको राजा महेन्द्रको फौजी 'कु' २०३६ सालमा भएको राजा वीरेन्द्रको जनमत संग्रह अनि पछिल्लो कालमा पूर्व राजा ज्ञानेन्द्रको फौजी 'कु' सर्वविदितै छ।

हो विश्वका कतिपय मुलुकहरुमा संवैधानिक राजसंस्था कायम छ। ती मुलुकहरुमा भएको राजसंस्था र हाम्रो देशमा भएको राजसंस्थाको विशेषता र चरित्र अलि बेग्लै छ। नेपालको राजसंस्थाकै जन्म र विकास खाली हत्या, हिंसा र लुटपाटमा नै आधारित छ। पृथ्वीनारायण शाहदेखि अहिलेका पछिल्ला राजा ज्ञानेन्द्रको जीवनी इतिहास खाली हत्या, हिंसा, षड्यन्त्र जालभेल र धोकामा आधारित छ। आफ्नै वंश आफ्नै दाइलाई र छोराछोरी समेत केही नभन्ने मौका पायो कि जे गर्न पनि पछि नपर्ने यस्तो नेपालको राजतन्त्र विश्वमा विरलै छ। पछिल्लो घटनाक्रम पूर्व राजा वीरेन्द्रको वंश नाश हुने गरी भएको दरबार हत्याकाण्ड ताजै छ। वास्तवमा त्यतिबेलै नेपालमा राजतन्त्रको अन्त्य भइसकेको थियो। कुन राजतन्त्रको परम्परा अनुसार त्यतिबेला ज्ञानेन्द्र शाहलाई राजा बनाइयो। दाइ मरे भाइ राजा बनाइएको कुन नेपालको इतिहास र परम्परा छ ? वीरेन्द्र हत्या काण्डको स्पष्ट छानविन नै नगरी एकाएक भाई ज्ञानेन्द्रलाई राजा बनाइयो। यदि त्यो बेलाको संवैधानिक राजतन्त्र भएको भए त्यसपछि बन्ने राजा संविधान अनुरुपको हुने वा नहुने निर्णय जनतामा निहीत हुनुपर्ने थियो। तर हतारहतार दाइको उत्तराधिकारी भाइ ज्ञानेन्द्र सिंगारिएर आए। कांग्रेस-एमालेहरुले केही नगरी तिनै ज्ञानेन्द्रलाई दाम चढाई राजा बनाए। त्यसैको गुन पछि ज्ञानेन्द्रले कांग्रेस-एमाले सबलाई सत्ताकब्जा गरी देखाइछाडे। त्यसैले भनिन्छ-'बाघ बुढो भए पनि घाँस खाँदैन, मासु नै खाई बाँच्छ।' ठीक नेपालको शाह वंशीय परम्परा र इतिहास यस्तै छ। संवैधानिक राजतन्त्रअन्तर्गत बस्ने र रहने यी राजाहरुको परम्परा र इतिहास नै छैन। तर पुराना पञ्चे-मण्डले र दरबारियाहरुले भने अहिले त्यस्तो राजसंस्थाको वकालत गरिरहेका छन्। स्वयं खुद पूर्व राजा ज्ञानेन्द्रले कहिले पनि त्यो भनिरहेका छैनन्। खाली केही दरबारिया छाउराहरुले मात्रै त्यस्ता कुरा उठाइरहेका छन्।

अहिले व्यवस्था परिवर्तनको जुन आवाज उठाइरहेका छन् यी तिनै सामन्ती, दरबारिया र पञ्चे-मण्डलेहरुको जमात हो। यसको नाइके पूर्व राजा ज्ञानेन्द्र हुन्। आफू गोप्य भूमिगत भएर आफ्ना पूर्व पञ्चे-मण्डले र दरबारिया छाउराहरुलाई सडकमा उतारेर त्यसैको बलमा फेरि दरबारिया सिंहान हासिल गर्ने दाउमा ज्ञानेन्द्र छन्। तर यो प्रतिगमनकारी आन्दोलनले ज्ञानेन्द्र र अर्का आसेपासे पूर्व पञ्चे-मण्डले र दरबारियाहरुलाई होइन यिनै वर्तमान यथास्थितिवादी कांग्रेस-एमाले र माओवादीहरुलाई नै बढी मजबुत पार्ने छ। यसले पहिले त यथास्थितिवादी कांग्रेस- एमाले र माओवादीबिचको अन्तर कलहलाई मथ्थर मात्रै होइन तत्काल आवश्यक परे मिलिजुली संयुक्त सरकारसमेत बन्नेछ। सत्ताविहीन हुनुको छटपटाहट कति धेरै छ भन्ने कुरा माओवादी अध्यक्ष प्रचण्ड र उनका अरु नेता कार्यकर्ताहरुमा दिनहुँ प्रकट भइ नै रहेको छ। यही कांग्रेस-एमाले र माओवादीबिचको यो अन्तर्विरोध र यी सबैको जनता र राष्ट्रविरोधी गतिविधिले गर्दा आम नेपाली जनता यिनीहरुको मात्रै होइन सिंगो यो राज्यव्यवस्थाकै विरुद्धमा देखिएका छन्। हो यही मौकामा चौका मार्ने दाउमा पुराना पञ्चे-मण्डले र दरबारिया यतिसम्मकी पूर्व राजा ज्ञानेन्द्र पनि लुकिबसेका छन्। धमिलो पानीमा माछा समात्ने दाउ।

जेठ १५ गणतन्त्र दिवस तर त्यहाँ भिडन्त गणतन्त्र कि राजतन्त्र बीच हुने भएको छ। अर्थात् प्रतिगमन र यथास्थितिहरुबिचको संघर्ष। तर यसमा अग्रगमनकारीहरुको उपस्थिति कमजोर देखिएको छ। अग्रगमनको नाममा यथास्थितिवादी कांग्रेस-एमाले र माओवादी त्यसमा पनि प्रचण्ड नेतृत्वको माओवादीले यसको नाममा जनतालाई दिग्भर्मित पार्ने काम गरेको छ। हुनतः १० वर्षे माओवादी जनयुद्धको थालनी नै यसको लागि अर्थात् नयाँ जनवाद हुँदै वैज्ञानकि समाजवाद अनि अन्तिम लक्ष्य कम्युनिष्ट साम्यवादसम्मको लागि थियो।

तर त्यही माओवादी नेतृत्व २०६२ सालमा १२ बुँदे दिल्ली समझदारीअन्तर्गत यही राज्य व्यवस्थाअन्तर्गत यतिसम्मकि निरंकुश राजतन्त्रको मात्र अन्त्यमा आइपुगेको थियो। कांग्रेस-एमाले त पहिलेदेखि नै संवैधानिक राजतन्त्रकै पक्षमा थिए। तर २०६२/०६३ सालको जनआन्दोलनले यो संवैधानिक राजतन्त्रको मात्रै होइन सिंगो राजतन्त्रकै अन्त्यको घोषणा र जनगणतन्त्रको लागि आवाज उठयो। १० वर्षे माओवादी जनयुद्धको प्रतिबद्धता पनि यही थियो। तर पछि संविधानसभाको निर्वाचन साथसाथमा माओवादी नेतृत्वको सरकार बनिरहँदा माओवादी पार्टी नेतृत्व खासगरी प्रचण्ड-बाबुरामको आत्मसमर्पणले गर्दा अन्ततः यही यथास्थितिमा अर्थात् वर्तमान सामन्ती दलाल र नोकरशाही बुर्जुवा राज्य सत्तालाई नै आत्मसात गर्ने काम भयो। जनगणतन्त्र अर्थात् किसान-मजदुर वर्गको नेतृत्वमा देशका तमाम देशभक्त, जनतान्त्रिक शक्ति केन्द्रको संयुक्त सरकार बन्नु पर्नेमा यो सामन्ती दलाल र नोकरशाही बुर्जुवा खासगरी दलाल पुँजीपति वर्गको नेतृत्व र हितमा यो सरकार निर्माण भयो।

त्यसैले अन्त्यमा वर्तमान यो यथास्थिति राज्य व्यवस्थाको विकल्प त्यही पुराना पञ्चे-मण्डले र दरबारियाहरुको प्रतिगामी राज्य व्यवस्था होइन अर्को नयाँ अग्रगमनकारी जनगणतन्त्र अर्थात् देशका किसान मजदुर-सर्वहारा वर्गको नेतृत्वमा आम देशका सच्चा देशभक्त–जनतान्त्रिक शक्ति-केन्द्र र जनसहभागिता बन्ने संयुक्त जनवादी राज्य सत्ता र सरकारको लागि सबै एकजुट भई अघि बढौं।

# जन्डिस भनेको के हो ? जन्डिस हुँदा के खाने, के नखाने ?

**पुस्कर राज जोशी**

शरीरमा बिलिरुबिनको मात्रा बढ्नुलाई सामान्यत कमलपित्त वा जन्डिस (पँहेलो रोग) भनेर चिनिन्छ। जन्डिस तब हुन्छ जब रगतमा बिलिरुबिनको मात्रा अत्यधिक बढ्छ, जुन रातो रक्त कोशिकाको विघटनबाट उत्पन्न हुन्छ। सामान्य अवस्थामा, कलेजोले बिलिरुबिनलाई शरीरबाट बाहिर निकाल्छ, तर कलेजोमा कुनै समस्या भएमा, यो प्रक्रिया प्रभावित हुन्छ र रगतमा बिलिरुबिनको मात्रा बढ्न थाल्छ।

गतमा बिलिरुबिनको मात्रा तीन मिलिग्रामभन्दा बढी भएपछि, यसले गर्दा आँखा, छाला र पिसाब पहेँलो देखिन्छ। यो कलेजो, पित्त नली, वा रगतसँग सम्बन्धित समस्याको संकेत हुन सक्छ। समयमै उपचार नगरेमा गम्भीर समस्या निम्त्याउन सक्छ। यो लक्षण कलेजोको रोग वा अन्य स्वास्थ्य समस्याहरूको संकेत हुन सक्छ। जन्डिस आफैंमा कुनै रोग होइन, यसकारण, जन्डिस देखिएमा चिकित्सकसँग परामर्श गरी यसका कारण पत्ता लगाउन र आवश्यक उपचार गर्नुपर्ने हुन्छ। जन्डिसको लक्षण देखिएमा स्वास्थ्यको स्थिति गम्भीर हुन सक्ने भएकाले समयमै उपचार आवश्यक हुन्छ।

जण्डिस एक गम्भीर स्वास्थ्य समस्या हो जसले कलेजो र पित्त प्रणालीमा असर पुऱ्याउँछ। यस रोगका लक्षणहरु निम्न प्रकारका छन्ः

**लक्षणहरुः**

- पिसाब गाढा पहेँलो देखिनु।
- आँखाको सेतो भाग,नङ र शरीरको छाला पहेँलो देखिनु।
- भोक नलाग्नु, बान्ता आउनु।
- शरीरमा कमजोरी महसुस हुनु, ज्वरो आउनु।
- पेट दुख्नु (खासगरी पेटको दायाँ भाग)।
- दिसा सेतो वा फिक्का रंगको हुनु।
- शारीरिक कमजोरी हुनु जिउ गल्दै जानु।
- वाकवाक लाग्ने र बान्ता हुने।
- भोक नलाग्नु खाना नरुच्नु।
- थकान र अल्छी अनुभव गर्नु।
- ज्वरो आउने।

जण्डिसको उपचारमा ढिला गर्नाले गम्भीर परिणाम हुन सक्छ, त्यसैले तुरुन्तै चिकित्सकको परामर्श लिनु अत्यन्तै आवश्यक छ।

**जन्डिसबाट बच्ने उपायहरुः**

- आफ्नो आहारमा दूध समावेश गर्नुहोस् र नियमित रूपमा दूध पिउनुहोस्।
- पर्याप्त पानी पिउनुहोस्।
- आफ्नो आहारमा उच्च फाइबरयुक्त खानाहरू समावेश गर्नुहोस्।
- सुरक्षित र स्वस्थ खाना र सफा पानी उपभोग गर्नुहोस्।
- संक्रमण हुँदा चिल्लो र चिल्लो खानेकुराको सेवन नगर्नुहोस्।
- राम्रोसँग हाइड्रेटेड रहनको लागि तरल पदार्थ पिउनुहोस्।
- आफ्नो आहारमा कार्बोहाइड्रेट युक्त खानेकुराहरूसँगै पाचन सुधार गर्ने फलफूलहरू समावेश गर्नुहोस्।
- रक्सी नपिउनुहोस्।
- हेपाटाइटिस विरुद्ध खोप लिनुहोस्।
- औषधि प्रयोग नगर्नुहोस्।
- असुरक्षित यौन सम्पर्कबाट बच्नुहोस्।
- जण्डिस हुँदा खानपानमा विशेष ध्यान दिन आवश्यक हुन्छ।

**खाने योग्य चीजहरूः**

१. फलफूल र तरकारीहरूः मेवा, स्याउ, खरबुजा, गाजर, चुकन्दर, र हरियो पात भएको तरकारीहरू।
२. दाल र अन्नहरूः मुंगको दाल र भात।
३. दही र मोहीः पाचन सुधार्नको लागि।
४. नरिवलको पानी शरीरलाई हाइड्रेटेड राख्न।
५. कागती पानी कलेजोलाई डिटक्स गर्न।
६. हल्का खाना खिचडी, तरकारी, र सूप।
७. पर्याप्त पानी पिउनु हाइड्रेटेड रहनको लागि।

**नखाने चीजहरूः**

१. बासी, बोसा र तारेको खाना जस्तै फ्रेन्च फ्राइज, बर्गर, र पिज्जा।
२. प्रसंस्कृत खाद्य पदार्थ जस्तै प्याकेटमा भएका स्न्याक्स, जंक फूड।
३. मसालेदार र पिरो खाना जस्तै खुर्सानी, अचार।
४. मासु र माछा विशेष गरी रातो मासु।
५. कफी र मदिरा जस्तै कफी, चिया, र रक्सी।
६. अधिक तेल र घ्यू तारिएको र अत्यधिक तेलयुक्त खाना।
७. बेकरी प्रोडक्ट्स केक, पेस्ट्री, र ब्रेड।

**जन्डिस हुने प्रमुख कारणहरू**

१. हेपाटाइटिस (लिवर इन्फेक्सन)

हेपाटाइटिस ए, बि, सि, डि, इ भाइरसहरूले कलेजोलाई असर गर्दा जन्डिस हुन्छ।

२. अत्यधिक अल्कोहल सेवन

यसले कलेजोमा सिरोसिस (स्थायी क्षति) निम्त्याउँछ, जसले जन्डिस गराउँछ।

३. पित्त नलीमा अवरोध (ग्याल्स्टोन)

ग्यालब्लाडरमा ढुंगा वा ट्यूमरका कारण पित्त नली अवरुद्ध हुँदा जन्डिस देखिन्छ।

४. हेमोलाइटिक एनिमिया

जब शरीरमा रातो रक्तकोशिका छिटो टुट्न थाल्छन्, तब बिलिरुबिन अत्यधिक बन्न थाल्छ।

५. कुनै औषधिको दुष्प्रभाव

पेनकिलर (जस्तै पेरासिटामोल), केही एन्टिबायोटिकले कलेजोमा असर गर्न सक्छन्।

६. नवजात शिशुमा कलेजो पूर्ण विकसित नहुनु

नवजात शिशुहरूको कलेजो अपरिपक्व हुँदा अस्थायी जन्डिस देखिन सक्छ। यसका अतिरिक्त, नियमित रूपमा डाक्टरको परामर्श लिनु र निर्देशनहरू पालना गर्नु महत्वपूर्ण छ। उचित खानपानसँगै आराम र पर्याप्त निद्रा पनि आवश्यक छ ताकि शरीर छिट्टै ठीक होस्।

**जण्डिसको उपचार निम्नानुसार छः**

१. आरामः- शरीरलाई पर्याप्त आराम दिनु महत्त्वपूर्ण छ।

२. हाइड्रेशनः- प्रशस्त मात्रामा पानी पिउनु पर्दछ। यो शरीरबाट विषाक्त पदार्थहरू बाहिर निकाल्न मद्दत गर्छ।

३. उचित आहारः- स्वस्थ र सन्तुलित आहार खानु महत्त्वपूर्ण छ। ताजा फलफूल, सागसब्जी, सूप, र अन्य हल्का खाना खानु राम्रो हुन्छ। बोसो, तारेको खाना, र मसालेदार खाना कम गर्नुहोस्।

४. औषधिः- जण्डिसको कारण स्वास्थ्यकर्मी वा चिकित्सकले दिनुभयको उपयुक्त औषधि सेवान गर्ने चेक जाच नगरि औषधि सेवन नगर्ने।

५. घरेलु उपचारः- मेथीको पातको रस, एलोवेरा जूस, चुकन्दर र गाजरको रस, निबुवा पानी आदि घरेलु उपचार पनि उपयोगी हुन सक्छ।

६. चिकित्सकीय परामर्शः- जण्डिसको कुनै पनि लक्षण देखिएमा तुरुन्तै चिकित्सकको सल्लाह लिनु पर्दछ।

७. अन्य उपायहरूः- अल्कोहल सेवन नगर्नुहोस्।

जण्डिसको उपचार आत्म-उपचार मात्र नभई चिकित्सकीय सल्लाह अनुसार गर्नु पर्छ।

जन्डिसलाई सामान्य नठानौं। यो कलेजो, पित्त नली, वा रगतको समस्याको संकेत हुन सक्छ। प्रारम्भिक लक्षण देखिनासाथ डाक्टरको सल्लाह लिनु आवश्यक छ। स्वस्थ जीवनशैली, स्वच्छ खाना-पानी, नियमित स्वास्थ्य परीक्षण र सावधानीपूर्वक औषधि सेवन गरेर जन्डिसबाट बच्न सकिन्छ।

(लेखक जोशी, हेल्थ असिस्टेन्ट हुन्)



गणतन्त्र दिवसमा दीप प्रज्ज्वलन
१८औँ गणतन्त्र  दिवसको अवसरमा बिहीबार साँझ प्यूठान  नगरपालिकामा दीप प्रज्ज्वलन गरिँदै । तस्विरः केशर सुनार/रासस

# अन्तरराष्ट्रिय सगरमाथा दिवस मनाइँदै



काठमाडौँ । बिहीबार विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलो पटक आरोहण गरेको दिन अर्थात् ७२औँ अन्तरराष्ट्रिय सगरमाथा दिवस । नेपालमा पनि विविध कार्यक्रमको आयोजना गरी यो दिवश भव्य रूपमा मनाइँदैछ ।

सन् १९५३ मे २९ तारिखका दिन नेपाली तेन्जिक नोर्गे शेर्पा र न्युजिल्यान्डका सर एडमन्ड हिलारीले पहिलो पटक सगरमाथाको शिखरमा पाइला टेकी विश्वलाई मा( नवीय साहस र क्षमताको ऐतिहासक परिचय दिएका थिए । सोही दिनलाई स्मरण गर्दै हरेक वर्ष मे २९ का दिन अन्तरराष्टिय सगरमाथा दिवस मनाउन थालिएको हो ।

यस वर्ष पनि सरकारले विभिन्न कार्यक्रमको आयोजना गरी भव्य रूपमा सगरमाथा दिवस मनाउने कार्यक्रम तय गरेको छ । दिवस मनाउन पर्यटनमन्त्रीको अध्यक्षतामा अन्तरराष्ट्रिय सगरमाथा दिवस मूल समारोह समिति गठन गरिएको छ ।

कुराकानी गर्दै पर्यटनमन्त्री पाण्डेले अन्तरराष्ट्रिय सगरमाथा दिवसलाई भव्य रूपमा सम्पन्न गर्न सबै सरोकार भएका निकायसँग समन्वय र सहकार्य गरिएको बताए । उनले जेठ १५ गते गणतन्त्र दिवस र संसद्मा बजेट वक्तव्य पनि रहेकाले उपयुक्त कार्यक्रमसँग नजुध्ने गरी कार्यक्रम मिलाइएको जानकारी दिए ।

बिहान प्रभातफेरी गरिने तथा गणतन्त्र दिवस र दिउँसो बजेट वक्तव्य कार्यक्रम सकिएपछि 'सगरमाथा समिटर्स समिट'को आयोजना गरिनेछ । दिवसका अवसरमा आज बिहान कर्मचारी सञ्चयकोष ठमेलबाट विभिन्न झाँकीसहित प्रभातफेरी प्रारम्भ भई वसन्तपुरमा औपचारिक कार्यक्रममा परिणत हुनेछ । दिउँसो 'सगरमाथा समिटर्स समिट' कार्यक्रमको आयोजना गरिनेछ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा कीर्तिमानी आरोहीका अनुभव आदान-प्रदानका साथै साहसिक पर्यटन प्रवर्द्धन तथा जलवायु परिवर्तनले हिमालमा पारेको प्रभाव न्यूनीकरणबारे बहस हुनेछ । दिवसकै अवसरमा विभिन्न कीर्तिमानी आरोहीलाई सम्मान गरिने कार्यक्रम छ । पर्यटन मन्त्रालयले नेपाल पर्यटन बोर्ड, पर्यटन विभाग, नेपाल पर्वतारोहण सङ्घलगायत निजी क्षेत्रका पर्यटन व्यवसायी एवं सरोकार भएकाहरूसँगको सहकार्यमा प्रत्येक वर्ष सगरमाथा दिवस मनाउँदै आएको छ ।

नेपाल पर्वतारोहण सङ्घका अध्यक्ष आङछिरिङ शेर्पाले पहिलो सगरमाथा आरोहीको स्मरण गर्दै हरेक वर्ष अन्तरराष्ट्रिय सगरमाथा दिवस नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइँदै आएको बताए । हिलारीको परिवार तथा विभिन्न मुलुकका आरोही अन्तरराष्ट्रिय सगरमाथा दिवस मनाउन नेपाल आउने उनले जानकारी दिए । "लुक्ला विमानस्थललाई तेञ्जिङ हिलारी विमानस्थलको नामाकरण गरिएको छ । सगरमाथा विश्वको सम्पदा र सम्पत्ति भएकाले यसलाई जलवायु परिवर्तनको जोखिमबाट जोगाउन सबै गम्भीर हुनुपर्ने आवश्यकता छ", अध्यक्ष शेर्पाले भने-"पछिल्लो समय विश्वव्यापी तापमानका कारण हिमालको हिउँ पग्लेर कालापत्थर देखिन थालेको भन्दै सगरमाथा र हिमाल संरक्षणबारे चिन्तन गर्ने बेला आएको छ ।"

एक तथ्याङ्कअनुसार नेपालमा पाँच हजार ८०० मिटर माथिका एक हजार ७९२ हिमाल रहेका छन् । आठ हजार मिटरभन्दा माथिका आठ हिमाल नेपालमा छन् । यी सबैमध्ये ४६१ मात्रै आरोहणका लागि खुला गरिएका छन् ।

यस वर्ष पनि दिवसका अवसरमा कीर्तिमानी आरोहीहरू र पर्वतीय पर्यटन व्यवसायीहरूलाई सम्मान गरिने पर्यटन विभागले जनाएको छ । दिवसको आयोजनाले भावी पुस्तालाई हिमाल आरोहणको सपनाहरू पछ्याउँदै भावी परिदृश्यहरूको सम्मान र संरक्षण गर्नसमेत प्रोत्साहित गर्ने विश्वास लिइएको छ ।

# वडास्तरीय मेयर कप फुटबल प्रतियोगिता सुरु



देवदह । रुपन्देहीको देवदहमा चौथो अन्तर वडास्तरीय मेयर कप फुटबल प्रतियोगिता-२०८२ सुरु भएको छ । देवदह नगरपालिकाको आयोजना र नगर खेलकुद विकास समितिको व्यवस्थापनमा उक्त प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताको एक कार्यक्रमकाबिच नगरप्रमुख ध्रुवप्रसाद खरेल, उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्ग र प्रमुख प्रशासकीय अधिकृत मधुकृष्ण पौडेलले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख खरेलले खेलाडी उत्पादन गर्ने गरी प्रतियोगिताको आयोजना गरेको बताए । उनले उत्पादित खेलाडीको संरक्षण र सम्वर्द्धन गर्न नगरपालिका तयार रहेको जनाए । उनले नगरको विकासको लागि विभिन्न योजना अगाडि सारेको बताउँदै शिक्षा, सवास्थ्य, कृषि र पर्यटनलाई प्राथमिकता राखेर योजना निर्माण गर्दै आइरहेको दाबी गरे । नगरप्रमुख खरेलले नगरको विकास र समृद्धिको लागि सबैले हातेमालो गर्न आवश्यक रहेको औंल्याए । प्रतियोगिताअन्तर्गत उद्घाटन खेलमा देवदह-७, विजयी भएको छ । उद्घाटन खेलमा देवदह-२, लाई शून्यकाविरुद्ध २ गोल गर्दै देवदह-७, दोश्रो चरणमा प्रवेश गरेको छ ।

खेलको पहिलो हाफको सुरुवातमै देवदह-७, का जर्सी नम्बर १०, का देव नेपालीले प्रहार गरेको बल गोलमा परिणत गरी टिमलाई अग्रता दिलाका थिए । यसैगरी खेलको दोश्रो हाफमा देवदह-७, जर्सी नम्बर ३० का खेलाडी प्रदीप रानाले अर्को गोल थप्दै टिमलाई शून्यकाविरुद्ध २ गोल गर्न सफल भएको थियो । निर्धारित समयमा देवदह-२, ले कुनै पनि गोल गर्न नसकेपछि खेलबाट बाहिरिएको नगर खेलकुद विकास समितिका सदस्य देव घर्तीले जानकारी दिए ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद ५१ हजार, ट्रफी र मेडल प्राप्त गर्ने छ भने उपविजेता टिमले नगद ३१ हजार, ट्रफी प्राप्त गर्ने नगर खेलकुद विकास समितिका सदस्य सचिव तथा शिक्षा अधिकृत पर्शुराम ढकालले जानकारी दिए ।

नगर खेलकुद विकास समितिका संयोजक कमल पाण्डेको अध्यक्षता, सदस्य मिलन मास्की रानाको स्वागतमा भएको कार्यक्रममा शिक्षा शाखा प्रमुख लोकराज पन्थी, नगर प्रवक्ता गणेश डुम्रे, वडा अध्यक्ष यकबहादुर सुनार, मोहन जिसी, प्रहरी निरीक्षक एक्कबहादुर नेपाली, जनप्रतिनिधिहरुको सहभागिता रहेको थियो । शिक्षा अधिकृत पर्शुराम ढकालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

**के छ ....**

बुटवलबाट पोखरा पुग्नकालागि साँघुरो सडक भएकाले सिद्धार्थ राजमार्गलाई २ लेनको डेडिकेटेड निर्माण गर्न भएको हो ।

बजेटमा आगामी आर्थिक वर्षमा सिद्धार्थ राजमार्ग र नागढुंगा राजमार्ग निर्माण गरी सञ्चालन हुने उल्लेख छ ।

सरकारले भैरहवाबाट उडान गर्न अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई थप प्रोत्साहन र सहयोग गर्ने भएको छ ।

'नेपालमा अन्तर्राष्ट्रिय हवाइ सेवा गरेका वायुसेवा कम्पनीलाई भैरहवा र पोखराबाट निश्चित संख्यामा उडान संचालन गर्न थप प्रोत्साहन र सहुलियत दिइने छ ।'- बजेटमा भनिएको छ । गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पर्यटक र श्रमिकहरुको लागि किफायती हुने गरी सञ्चालनमा ल्याउने उल्लेख छ ।

त्यसको लागि विमानस्थल परिसरमा आवश्यक सुविधा उपलब्ध गराइने उल्लेख छ । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कार्गो सेवा सञ्चालन गर्न विशेष सहुलियत दिइने बजेटमा भनिएको छ ।

सरकारले नेपाल वायुसेवा निगमलाई सार्वजनिक कम्पनीमा रुपान्तरणको घोषणा गरेको छ । आगामी आवको बजेट सार्वजनिक गर्दै अर्थमन्त्री पौडेलले यस्तो घोषणा गरेका हुन् ।

निगमको क्षमता विकास र गुणस्तर बढाउन रणनीतिक साझेदार भित्राउने घोषणा समेत उनले गरे ।

सरकारले नेपाल दूरसञ्चार प्राधिकरणको पुनर्संरचना गर्ने भएको छ ।

सूचना प्रविधिको पहुँच विस्तार गरी डिजिटल डिभाइस न्यूनीकरण गर्न नेपाल दूरसञ्चार प्राधिकरणको पुनर्संरचना गरिने वजेटमा उल्लेख छ ।

ब्रोडब्याड सेवाको विस्तार गर्न बताउँदै देशरभर फोरजी सेवाको पहुँच विस्तार तथा गुणस्तर सुधारमा जोड दिइएको छ ।

साथै, काठमाडौं उपत्यका र देशका ठूला शहरी क्षेत्रमा फाइभजी सेवा सुरुवात गर्ने गरिनेर  मोबाइल सेटहरूको अवैध आयात र प्रयोगमा रोक लगाउन आईएमईआई दर्ता गर्नुपर्ने व्यस्था मिलाउने वजेटमा उल्लेख छ ।

सरकारले सबै प्रदेशमा अटिजम तथा बौद्धिक अपांगता भएका बालबालिकाको पहिचान, उपचार र पुनःस्थापना सेवा प्रारम्भ गर्ने भएको छ ।

त्यसैगरी मनोसामाजिक परामर्श र सचेतना कार्यक्रम मार्फत मानसिक कार्यक्रम मानसिक समस्या निराकरण गरिने वजेटमा उल्लेख छ ।

सरकारले बैंकहरुको खराब कर्जा व्यवस्थापन गर्न छुट्टै कम्पनी स्थापना गर्ने घोषणा गरेको छ ।

बजेट भाषणमा  बैंक तथा वित्तीय संस्थाको खराब कर्जा तथा गैर बैंकिङ सम्पत्ति व्यवस्थापनको लागि एसेट म्यानेजमेन्ट कम्पनी स्थापना गरिने उल्लेख छ ।

यसका साथै आर्थिक वर्ष २०८२/८३ भित्र नियो बैंक स्थापना गरिने समेत सरकारले घोषणा गरेको छ । यस्तै, बजेटमा दोस्रो वित्तीय क्षेत्र सुधार रणनीतिक कार्यक्रम कार्यान्वयन गरिने उल्लेख गरिएको छ । समस्यामा रहेका उद्यमी तथा व्यवसायीहरूको कर्जाको पुनर्तालिकीकरण र थप पूँजी प्रवाह र व्याज जरिवानामा सहुलियत प्रदान गरिने भएको छ ।

डिजिटल बैंकलाई प्रोत्साहन गर्दै शाखारहित बैंकिङ सेवा प्रदान गर्न जोड दिइने बजेटमा उल्लेख छ ।

त्यस्तै, लघुवित्त संस्थाहरूको आन्तरिक व्यवस्थापनमा सुधार गरिने बजेटमा उल्लेख छ ।

सरकारले करार सेवाका कर्मचारी र अस्थायी तथा राहत शिक्षकलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउने घोषणा गरेको छ ।

स्वीकृत दरबन्दी भित्र करार सेवामा रहेका कर्मचारी र अस्थायी तथा राहत शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराइने भएको हो ।

यसका लागि रोजगारदाता र योगदानकर्ताबाट १० प्रतिशत योगदानसहितको छुट्टै प्याकेज बनाएर कार्यान्वयन गरिने वजेटमा उल्लेख छ ।

सरकारले मानसिक अस्पतालको क्षमता विस्तार गर्ने भएको छ । 'काठमाडौं उपत्यका स्थित केन्द्रीय अस्पतालमा मस्तिष्क, मेरुदण्ड तथा स्नायूरोगको उपचारका लागि राष्ट्रिय न्युरो साइन्स केन्द्र स्थापना गरिने बजेटमा उल्लेख छ ।

सरकारले वीर अस्पताल सुधार गरी अन्तर्राष्ट्रियस्तरको सेवा दिने भएको छ ।

देशकै ठूलो र जेठो अस्पताल वीर अस्पतालबाट अन्तर्राष्ट्रिय स्तरको चिकित्सा शिक्षा र अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउने बजेटमा उल्लेख छ ।

त्यसका लागि पूर्वाधार निर्माण, उपकरण र जनशक्ति व्यवस्थापनका लागि बजेट व्यवस्थापन गरिएको अर्थमन्त्री पौडेलले बताए ।

सरकारले साझा यातायातलाई थप एक सय विद्युतीय बस उपलब्ध गराउने भएको छ ।

काठमाडौं उपत्यकामा वाय प्रदूषण कम गर्न साझालाई उक्त संख्यामा थप बस उपलब्ध गराउने पौडेलले घोषणा गरेका हुन् । बजेट वक्तव्यमा झापाको काँकडभिट्टादेखि सुनसरीको इनरुवासम्म रेलमार्ग निर्माणका लागि रोक्का राखेको जग्गा फुकुवा हुने उल्लेख छ । सरकारले खेलकुद क्षेत्रमा अहिलेसम्मकै बढी ६ अर्ब ८ करोड बजेट विनियोजन गरेको छ । बजेटअन्तर्गत झापाको दमकमा सबै खेल आयोजना गर्न सकिने अन्तर्राष्ट्रियस्तरको आधुनिक रंगशाला निर्माण गरिने छ । सोलुखुम्बु, मुस्ताङलगायतका हिमाली क्षेत्रमा हाइ अल्टिट्युड स्पोर्ट्स स्टेडियम निर्माण गरिनेछ ।

यस्तै, टीयू अन्तर्राष्ट्रिय क्रिकेट मैदानको स्तरोन्नतिका लागि ४० करोड , मूलपानी क्रिकेट रंगशाला, फाप्ला क्रिकेट रंगशाला, सिद्धार्थ क्रिकेट रंगशाला भैरहवा र गिरिजाप्रसाद कोइराला क्रिकेट मैदानको स्तरोन्नतिका लागि कुल ४२ करोड विनियोजन गरिएको छ ।

सुर्खेतमा १०औं राष्ट्रिय खेलकुद आयोजना गर्नका लागि ५४ करोड विनियोजन गरिएको छ ।

सरकारले सार्वजनिक संस्थानका पदाधिकारी तथा कर्मचारीलाई संस्थानको खर्चमा विदेश भ्रमण जान रोक लगाएको छ ।

सञ्चालन खर्च धान्न नसकेका, अवकाश कोषको व्यवस्थापन नगरेका र अघिल्लो आर्थिक वर्षसम्मको लेखा परीक्षण नगरेका सार्वजनिक प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारीलाई संस्थानको खर्चमा विदेश भ्रमण जान र आर्थिक दायित्व बढ्ने गरी सेवा सुविधा बढाउन रोक लगाइएको हो ।

जनकपुर चुरोट कारखाना, गोरखकाली रबर उद्योग, बुटबल धागो कारखाना नेपाल मेटल उद्योग, नेपाल ओरियन्टल म्याग्नेसाइट कम्पनी, हेटौंडा सिमेन्ट उद्योग, उदयपुर सिमेन्ट उद्योग लगायतको सम्भाव्यता अध्ययन गरी सरकारी लगानी व्यवस्थापन गरिने वजेटमा उल्लेख छ ।

बजेटमा सरकारले वृद्धभत्ता पाउने उमेर बढाएको छ ।

यसअघि ६८ वर्षमा दिइँदै आएको बजेटको उमेर बढाएर ७० वर्ष पुर्‍याइएको हो । यो सँगै अब ७० वर्षमा मात्रै वृद्धभत्ता पाइने भएको छ ।

सरकारले युवालाई बिना धितो रु दुई लाखदेखि रु २० लाखसम्म सहुलियत कर्जा उपलब्ध गराउने भएको छ । बजेटमा शिक्षित युवालाई उद्यमशील र स्वरोजगार बनाउन शैक्षिक योग्यता, व्यवसाय दर्ता, सीप परीक्षणको प्रमाणपत्र तथा परियोजना प्रस्तावका आधारमा बिना धितो रु दुई लाखदेखि रु २० लाखसम्म तीन प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने उल्लेख छ ।

राष्ट्रिय युवा  परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिनेछ । उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्मा उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गरिने बजेट वक्तव्यमा उल्लेख गरिएको छ ।

बजेटमा 'राज्य सुविधा परिचयपत्र' कार्यान्वयनमा ल्याउने घोषणा भएको छ ।  पारिवारिक लगत संकलन हुने यो कार्यक्रममा सम्बन्धित परिवारले आफ्नो अवस्था घोषणा गर्नेछ । सरकारले पाँच/पाँच वर्षमा त्यसलाई अद्यावधिक गर्नेछ ।

त्यो विवरणलाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्ने अनि त्यसका आधारमा राज्यले विभिन्न सुविधाहरु दिनेछ । करिव ६६ लाख परिवारको लगत संकलनको काम सहज भने हुनेछैन । लगत संकलन गर्न नै एक वर्षभन्दा बढी लाग्ने भएकाले सरकारले प्राथमिकता दिएमा आगामी वर्ष यो कार्यक्रमको प्रारम्भिक काम मात्रै अघि बढ्नेछ ।

राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी बनाउन अनि मतदाता नामावली बनाउने क्रममा हुने दोहोरोपन रोक्न सरकारले मतदाता परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्ने भनेको छ । त्यसको शुरुवात देशव्यापी रुपमा नभई नमूनाको रुपमा काठमाडौं उपत्यकामा सञ्चालन हुनेछ ।

**अहिलेको...**

'आत्मनिर्भर अर्थतन्त्र, आत्मनिर्भर उत्पादन नेपालको नारा हुनुपर्छ-'विप्लवले भने-'सबै कुरा किनेर उपभोग गर्ने अनि समृद्ध नेपाल सुखी नेपाली नारा कसरी उपयुक्त हुन्छ ?'

विप्लवले बैंकहरुले ऋणीको ७ करोडको घर सम्पति २ करोडमा लिलाम गरेर खाइदिने परिपाटी गलत रहेको टिप्पणी गरे । उनले एक लाख ५६ हजार माध्यम वर्गीय व्यासायी टाट पल्टिने अवस्थामा रहेको दाबी गरे ।

गणतन्त्र,जनपक्षीय पत्रकारिता र कृष्णसेन इच्छुकको भुमिका बिषयक अन्तरक्रिया एवम् इच्छुक स्मृति पुरस्कार वितरण कार्यक्रममा नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहाल,नेकपाका पिविएम एवम् रुपन्देही ईन्चार्ज वसन्त श्रेष्ठ, बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेय, बुद्धिजीवि घनश्याम पाठक, वरिष्ठ मार्क्सवादी लेखक दिल साहानी, बामदेव क्षेत्री, प्रेम सुवेदी, तेजेन्द्र केसी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरीप्रसाद अर्याल,डा.बालकृष्ण चापागाईं, पत्रकार महासंघ रुपन्देही अध्यक्ष दिनेश पाण्डे,प्रगतिशील पत्रकार संघका अध्यक्ष श्याम पोखेललगायतले धारणा राखेका थिए । कार्यक्रममा जनपक्षीय पत्रकारितामा यागदान गरेको भन्दै लेखक दिपक विश्वकर्मा र पत्रकार यानेन्द्र जिसीलाई नगदसहित सम्मान समेत गरिएको जनपत्रकार संगठनका संस्थापक अध्यक्ष प्रकाश डुम्रेले बताए । कार्यक्रममा आयोजक संस्थाका विनोद खनाल , शिव डुम्रे लगायतले पनि आफ्ना भनाई राखेका थिए ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



नृत्य प्रस्तुत गर्दै कलाकार

गणतन्त्र दिवसको अवसरमा बिहीबार सैनिक मञ्च टुँडिखेलमा आयोजित समारोहमा नेपालको मौलिक संस्कृति झल्कने नृत्य प्रस्तुत गर्दै कलाकार। तस्विर : किरणराज विष्ट/रासस

# बजेटबारे मिश्रित प्रतिक्रिया, निजी क्षेत्र उत्साहित

बुटवल। बिहीबार संसदमा प्रस्तुत बजेटबारे मिश्रित प्रतिक्रिया आएको छ। नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले सरकारले ल्याएको बजेट अझै बोल्ड (बलियो) हुनसक्ने भए पनि ठीकठाकै रहेको प्रतिक्रिया दिएका छन्।

पूर्वअर्थमन्त्रीसमेत रहेका महतले आफ्नो अनुभवमा ठोस रूपमा प्रस्तुत गर्न सक्ने भए पनि सही दिशातर्फ नै उन्मुख रहेको बताए।

उनले भने-'अनावश्यक रूपमा कनिका छरे जस्तो बजेट विनियोजन गर्ने प्रवृत्ति थियो। त्यसको कुनै प्रतिफल आउँदैनथ्यो। ४ हजार आयोजना घटाउने भनिएको छ, तीन करोडको सीमा हामीले पहिला पनि भनेका थियौं। त्यसले सुधार ल्याएर परिणाम दिनसक्छ।'

उनले नीति तथा कार्यक्रममा समेटिएका केही विषयहरू बजेटमा प्रस्ट उल्लेख नभएको प्रतिक्रिया दिए।

नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले सरकारले ल्याएको बजेटलाई परम्परागत निरन्तरता भएको प्रतिक्रिया दिएका छन्।

पूर्वअर्थमन्त्री समेत रहेका शर्माले संसद भवन परिसरमा प्रतिक्रिया दिँदै देशको आर्थिक समस्या समाधान गर्ने खालको बजेट नआएको बताए।

उनले भने-'विषयहरू लेख्ने सबै लेखिएकै छन्। तिनै कुरा दोहोरिने हो, कपीपेस्ट गर्ने हो। अहिले नाराहरू कम रहेछन्।'

देशको अर्थतन्त्रको समस्या समाधान गर्न समग्र अर्थ प्रणालीकै पुनर्संरचना गर्नुपर्ने भए पनि त्यो स्तरबाट नआएको बताए। रास्वपाका उपसभापति स्वर्णिम वाग्लेले सरकारले ल्याएको बजेट धैरै उत्ताउलो र गैरजिम्मेवार नभएको निष्कर्ष निकालेको बताएका छन्।

संसद् भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको भए पनि १५/१६ खर्बभन्दा बढी खर्च हुने आधार नै नभएको बताए।

उनले अङ्कको स्वरूप र विश्वसनीयता पुरानै कुराको हुन्छ कि भन्ने डर लागेको जनाए। राजस्व सङ्कलनको कतिपय कुराहरू पत्याउने खालको नभएको उनको भनाइ छ। उनले भने-'देशको अर्थतन्त्र माथि उठाउनको लागि खर्च नै गर्नुपर्छ भन्ने छैन। खर्च नै नलाग्ने नीतिगत निर्णयहरूबाट पनि अर्थतन्त्रलाई माथि उठाउँन सकिन्छ।'

उनले सरकारको बजेट वितरणमुखी र कार्यकर्ता पोस्न प्रयोग हुनसक्नेतर्फ आशंका गरे। उनले बजेटमा भएका राम्रा कुराहरुलाई समर्थन गर्ने बताए।

नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डेले सरकारको बजेटले अर्थतन्त्रमा सुधार ल्याउन नसक्ने बताएका छन्।

आकार बढाएर ल्याइए पनि आम्दानीको स्रोत कम भएकाले यो बजेटले अहिलेको अर्थतन्त्रमा सुधार आउन नसक्ने पाण्डेले बताएका हुन्।

'आम्दानीको स्रोत कम छ। झण्डै-झण्डै ५ खर्ब घाटाको बजेट आयो', उनले भने-'अहिले नै राजस्व राम्रोसँग उठिरहेको छैन। उठिरहेको राजस्वले धान्न सक्ने स्थिति छैन।'

महँगी भत्ता बढाउने निर्णयकै भार समेत थेग्न मुस्किल पर्नेगरी आएको बजेटले अर्थतन्त्रको अप्ठ्यारो फुकाउन नसक्ने उनले बताए। राप्रपाका प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले सरकारले ल्याएको बजेट कर्मकाण्डीमात्रै भएको बताएका छन्।

संसद भवन परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै उनले राष्ट्र बैंकले निर्देशिकामा ल्याउने कुराहरू पनि बजेटमा ल्याएको बताए।

बजेट समग्र नीति बनाउने कुरा भए पनि खास केही नयाँ कुरा नआएको उनको भनाइ छ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले आफूहरूले दिएका अधिकांश सुझावहरू बजेटमा समेटिएको भन्दै खुसी व्यक्त गरेका छन्।

बिहीबार संसद् भवन परिसरमा सञ्चारकर्मीलाई बजेटबारे प्रतिक्रिया दिने क्रममा उनले यस्तो बताएका हुन्। 'अहिलेको बजेटले निजी क्षेत्रलाई ड्राइभिङ सिटमा राखेर महत्व दिनुभएको छ। त्यो हिसाबले पनि अगाडिभन्दा फरक हुन्छ भन्ने आशा हो।'- ढकालले प्रतिक्रियाका क्रममा भने।

साथै, उनले महासंघले महत्त्वकांक्षी बनाउनेजस्तो भए पनि कार्यान्वयनको पाटोमा ध्यान दिन आग्रह गरे।

'महासंघले दिएका सुझावहरूमध्ये धेरै समेटिएको छ। बजेटहरू सरसर्ती आउँदा बजेट पढ्ने बेलामा राम्रैजस्तो लाग्छ,' ढकालले भने-'कार्यान्वयन चाहिँ त्यो अनुसार नहुने हुन्छ। महासंघले त्यसलाई हेरेर बाँकी कुरा भन्छ।'

उच्चस्तरीय आर्थिक सुधार आयोगले दिएको सुझाव पनि कार्यान्वयन गर्दै जानुपर्ने अवस्था रहेको उनले बताए।

वृद्धभत्ताको उमेर ७० वर्ष पुर्‍याउने सुझाव आफूहरूले दिएको उनले बताए।

'सामाजिक सुरक्षा भत्ता ७० वर्ष बनाउने हाम्रो सुझाव थियो। निजी क्षेत्र उत्साहित छ। लगानीको वातावरण पनि बढ्छ,' उनले भने-'राजस्वको लक्ष्य महत्वकांक्षीजस्तो देखिन्छ। राजस्व संलकनको कुरा गर्दा व्यावसायिक गतिविधि बढाउनुपर्छ।'

# आलम रिहा न्यायलयको इतिहासमा कलंक : श्रेष्ठ

बुटवल। नेकपा माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले अफताव आलमलगायतलाई उच्च अदालत विरगन्जले रिहा गरेको विषय नेपालको न्यायलयको इतिहासमा कलंकको रुपमा दर्ज भएको बताएका छन्।

बिहीबार दिउँसो फेसबुकमा लेख्दै पूर्वउपप्रधान तथा गृहमन्त्रीसमेत रहेका उनले यस्तो बताएका हुन्। आलम जिउँदै मान्छेलाई इट्टाभट्टामा हालेर हत्या गरेको अभियोगमा जिल्ला अदालत रौतहटको फैसलापछि जन्मकैदको सजाय भोगिरहेका थिए।

तर जिल्ला अदालत रौतहटको जन्मकैदको फैसला उल्टाउँदै उच्च अदालत विरगञ्जले आलमलाई रिहा गर्न बुधबार आदेश दिएको थियो। आदेश दिएलगत्तै आलम बुधबार नै ललितपुरको नख्खु कारागारबाट छुटेका थिए।

सोही विषयमा माओवादी उपाध्यक्ष श्रेष्ठले भनेका छन्- 'हिजो जनकपुर उच्च अदालतको वीरगञ्ज इजलासले इट्टाभट्टामा जिउँदो मानिस जलाउने अभियोगमा जिल्ला अदालतबाट जन्मकैदको सजाय पाई जेलमा रहेका अफताव आलमलगायतका व्यक्तिहरूलाई सफाई दिँदै रिहा गर्न गरेको निर्णय नेपालको न्यायालयको इतिहासमा कलंकका रुपमा दर्ज भएको छ।'

उनले कलंकको कालो टीका लगाएर कालो दिनमा परिणत गर्ने "बहादुर" न्यायाधीशहरूलाई नेपाली जनताले कहिल्यै नबिर्सने पनि बताएका छन्। 'त्यस्ता अपराधमा संलग्न व्यक्तिहरू समाजमा "निर्दोष बन्दै हिंड्ने स्थितिले समाजमा र आम नागरिकमा कस्तो कहाली लाग्दो स्थिति उत्पन्न गर्नेछ? यसको जिम्मेवारी कसले लिने? तसर्थ सबै क्षेत्रमा व्यापक कारवाही, रुपान्तरण र सुधारको निम्ति ठूलो जन अभियान सञ्चालन गर्नु जरुरी छ।'-श्रेष्ठले भनेका छन्। आलमलाई रिहा गर्न आदेश दिने न्यायाधीश खुसीप्रसाद थारू कांग्रेस कोटाबाट न्यायाधीश बनेका हुन्। न्यायपरिषद्को २८ पुस ०७३ मा बसेको बैठकले उनीसहित ८० जनालाई न्यायाधीश नियुक्तिका लागि सिफारिस गरेको थियो। प्रधानन्यायाधीश सुशीला कार्की थिइन्। त्यतिबेला अहिलेका गृहमन्त्री रमेश लेखकले 'आफ्नो पार्टीका यति जना न्यायाधीश बनाउनैपर्छ' भनेर आफूसँग आउँदा झगडा नै परेको प्रसंग कार्कीले सार्वजनिक रूपमै बोलेकी छिन्।

थारूले विशेष अदालतको न्यायाधीश हुँदा ३ फागुन ०८० मा बालुवाटार जग्गा हिनामिना प्रकरणमा कांग्रेस नेता विजय गच्छदारलाई सफाइ दिएका थिए। संयुक्त इजलास भए पनि लिड थारूले नै गरेका थिए। कतिसम्म भने 'बालुवाटार जग्गा प्रकरणको निर्णय प्रक्रियामा संलग्न गच्छदारलाई मुद्दा चलाएर कार्यपालिकाको स्वतन्त्रतामा हस्तक्षेप गरेको' भन्ने टिप्पणी फैसलामा गरिएको थियो। 'गच्छदारको हकमा निजविरुद्धको कसुरमा संलग्नताका तथ्यगत आधार र मिसिल संलग्न सबुत प्रमाणलाई विशेष अदालतले दिग्भ्रमित पार्ने गरी नीतिगत निर्णय गर्ने हैसियतको व्यक्ति भनी गलत व्याख्या विश्लेषण गरी फैसला गरेको' भन्दै अख्तियार सर्वोच्च गएको थियो।

प्रदेशस्तरीय यु-१६ क्रिकेटः

# लिगचरणको अन्तिम खेलमा बर्दिया विजयी




भैरहवा। रुपन्देहीमा जारी लीला सेन्चुरी मेमोरियल यु-१६ लुम्बिनी प्रदेशस्तरीय क्रिकेट प्रतियोगिताको लिगचरणको अन्तिम खेलमा बर्दिया विजयी भएको छ। बर्दियाले बाँकेलाई ६५ रनले पराजित गर्दै जित निकालेको हो। यद्यपि यी दुबै टिम उपाधि होडबाट बाहिरीसकेका छन्। उपाधिका लागि शुक्रबार रुपन्देही र दाङबिच स्पर्धा हुँदैछ।

बिहीबार भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा टस हारेर ब्याटिङको निम्तो पाएको बर्दियाले निर्धारित ३५ ओभरमा ७ विकेट गुमाएर २ सय ४ रनको बलियो योगफल खडा गर्‍यो। जसमा आदित्य ढकालले ५७ रनको अर्धशतकीय इनिङ खेले भने निराजन थापाले ४७, हेमन्त आचार्यले २४, केशव विष्टले २२ र उत्सव चलाउनेले १९ रनको योगदान गरे। बलिङमा बाँकेका निखिल धनकुट्टा र निराजन चन्दले २-२ तथा सिनब श्रेष्ठ र मोहम्मद इब्राहिम मियाँले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको बाँके २८ ओभर ३ बलमा १ सय ३९ रन बनाउँदा अलआउट भयो। उसका लागि विशालकुमार थापाले ३४, भुवन शाहीले ३२, दिव्यान्स बर्माले २९ र आषिश नाउले १६ रन बनाए पनि टिमलाई जित दिलाउन सकेनन्। बलिङमा बर्दियाका सक्षम बुढाथोकीले ३, आकाश थापा र संयकजंग थापाले २-२ तथा सिर्जन भुजेल र आयन खड्काले समान १-१ विकेट हात पारे। खेलमा बर्दियाका आदित्य ढकाल प्लेयर अफ द म्याच भएको लुम्बिनी प्रदेश क्रिकेट संघका सदस्य एवं खेल संयोजक प्रथम पराजुलीले जनाए।

लुम्बिनी प्रदेश क्रिकेट संघको आयोजना र रुपन्देही क्रिकेट संघको समन्वयमा राष्ट्रिय यु-१६ क्रिकेटका लागि लुम्बिनी प्रदेशस्तरीय टिम छनोट गर्न प्रतियोगिता आयोजना गरिएको हो। प्रतियोगितालाई भैरहवाका व्यवसायी रामकिसन विकले आफ्नी स्वर्गीय श्रीमती लीला सेन्चुरीको नाममा मुख्य प्रायोजन गरेका छन्।

वन डढेलोजन्य कार्यमा सरिक हुनेका बिरुद्ध गोप्य सुराकी :-

वन डढेलोजन्य कार्य गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने व्यवस्था छ। यस अपराधमा सरिक हुनेका बिरुद्ध गोप्य सुराक र अनुसन्धान प्रकृयामा सहयोग गरिदिन अनुरोध छ।

दोषी पहिचानमा सहयोग गरौं (९८५७०६३६११, ९८५८३२१०१६)

अनुरोधक
डिभिजन वन कार्यालय अर्घाखाँची

प्रो. मञ्जु एण्ड सन्स
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

लु (तातोहावा) को असर बच्ने उपाय

लु.का असर
- थकाई लाग्ने
-कमजोरी हुने
-बढी तिर्खा लाग्ने
-टाउको दुख्ने
-खुट्टा बाँउडिने
-रिङ्गटा लाग्ने
-बेहोस हुने
-मांसपेशी दुख्ने
-वान्ता हुने आदि।

लु.बाट बच्ने उपाय
-प्रशास्त पानी तथा झोल पदार्थ पिऊँ।
-शरीर कमजोर भएमा जीवन जल पिऊँ।
-शितल छहारीमा बसौं।
-घाम लागेको बेला खेतबारीमा काम नगरौं।
-घाममा निस्कँदा छाता ओढौं
-अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं।
-मौसमी फलफूल र तीनको रस सेवन गरौं।
-'लु' लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com